# उत्तरवर्ती नेपाली निबन्धमा राजनीतिक चेतना

**डा. रजनी ढकाल**
सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि
फोनः ९८४१२४१८०९
rajanidhakal@yahoo.com / rajni.dhakal@cdn.tu.edu.np
https://orcid.org/0009-0002-4146-4373
**Received Date:** March 10, 2025; **Reviewed Date:** April 9, 2025
**Accepted Date:** May 11, 2025

**लेखसार**

साहित्यको एउटा विधाविशेषका रूपमा निबन्ध अनुभूतिको शक्तिशाली भाषिक अभिव्यक्ति हुनुका साथै वैचारिक अन्तर्वस्तुको सघन अभिव्यक्ति पनि हो । उत्तरवर्ती चरणका नेपाली निबन्धमा यो वैचारिकता राजनीतिक सञ्चेतनाका रूपमा ज्यादा प्रखर छ । २०३५/०३६ यताका कालावधिमा भएका अनेक आन्दोलन र सङ्घर्षसँग सम्बद्ध रही विकसित भएका विविध राजनीतिक सञ्चेतनाको प्रभाव यस कालका निबन्धमा के कस्तो परेको छ र खास गरी शासकीय वर्चस्वका विरुद्धको प्रतिरोधी चेतनाका रूपमा राजनीतिक सञ्चेतना कसरी प्रकट भएको छ भन्ने मुख्य प्राज्ञिक जिज्ञासाको समाधानमा यो लेख केन्द्रित रहेको छ । यसका लागि निबन्धको वैचारिक अन्तर्वस्तुसम्बद्ध विधासिद्धान्त तथा वर्चस्व र प्रतिरोधको मार्क्सवादी, विशेषतः ग्राम्सेली अवधारणाको उपयोग गरिएको छ । आन्दोलनको पक्षमा निर्मित चेतना, शासकवर्गीय वर्चस्वका विरुद्धको वैचारिक चेतना र दमन र प्रतिरोधको चेतनाका आधारमा निबन्धको विश्लेषण गरिएको छ । उत्तरवर्ती चरणमा राजनीतिक प्रवृत्तिका निबन्धको संख्या धेरै भए पनि यहाँ सोद्देश्य नमुना छनोटका आधारमा सीमित विश्लेष्य निबन्धको छनोट गरी तिनको पाठपरक विश्लेषण गरिएको छ । उत्तरवर्ती चरणका नेपाली निबन्धमा अभिव्यक्त राजनीतिक विचार मूलतः मार्क्सवादी र अंशतः उदार लोकतान्त्रिक चेतनासँग सम्बद्ध छन् । यी दुवै वैचारिक प्रवृत्तिले निबन्धमा वर्चस्वका विरुद्ध अधीनस्थ समूहको प्रतिरोधी चेतना व्यक्त गरेका छन् । निबन्धमा यस्ता विचारहरू सामाजिक परिवर्तनका लागि राजनीतिक चेतनाका रूपमा व्यक्त भएका हुन् भन्ने पुष्टि हुन्छ । मार्क्सवादी र उदार लोकतान्त्रिक राजनीतिक चेतना तत्त्वमीमांसीय दृष्टिले भिन्न छन् तापनि सारमा सामाजिक न्यायको स्थापनाबाटै आदर्श समाजको निर्माण सम्भव छ भन्ने चिन्तनबाट प्रेरित छन् । यसैबाट उत्तरवर्ती नेपाली निबन्धको राजनीतिक चेतनाको निर्माण भएको छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

**शब्दकुञ्जी** : अधीनस्थ समूह, प्रतिरोधी चेतना, प्रभुत्व, वर्चस्व, सामाजिक न्याय

## विषयपरिचय

राजनीतिक चेतना सामाजिक वैचारिक सन्दर्भबाट बन्ने चेतना हो । यो शासकवर्गीय प्रभुत्वका विरुद्ध उठेको उत्पीडित समुदायको स्वर र ती समुदायको विचारधारबाट निर्देशित हुन्छ । आर्थिक तथा सामाजिक-सांस्कृतिक रूपमा विद्यमान समाजको प्रभुत्वशाली वर्चस्वको अन्त्य गर्दै अधीनस्थ समूहको सामाजिक न्यायका लागि राजनीतिक चेतना आवश्यक छ । साहित्यको गैरआख्यानात्मक विधाका रूपमा निबन्धलाई राजनीतिक वैचारिकता प्रबल भएको विधाका रूपमा लिइन्छ । चेतना प्रस्फुटनको महत्त्वपूर्ण विधाको रूपमा मानिने निबन्धको वैचारिक अन्तर्वस्तुसम्बद्ध विधासिद्धान्त तथा

वर्चस्व र प्रतिरोधको मार्क्सवादी, विशेषतः ग्राम्सेली अवधारणाका आधारमा यस अध्ययनमा निबन्धमा पाइने राजनीतिक चेतनाको विश्लेषण गरिएको छ । नेपाली निबन्ध परम्परामा आएको क्रान्तिचेत, सामाजिक रूपान्तरण र लोकतान्त्रिक मूल्यको खोजीका कारण २०३६ साल पछिको निबन्धलेखनलाई उत्तरवर्ती समयका रूपमा लिइन्छ । २०३६ सालदेखि आजसम्मको समयावधिले झन्डै साढे तीन दशकको अवधि पार गरेको छ । उत्तरवर्ती नेपाली निबन्धको यस समयावधिमा नेपालमा रूपान्तरणकारी राजनीतिक आन्दोलन र परिवर्तन भएका छन् । यस समयमा विशेष गरी २०३५ सालको विद्यार्थी आन्दोलनको पृष्ठभूमि, २०३६ सालको जनमतसङ्ग्रहको घोषणा, २०४६ सालको जनआन्दोलन, २०५२ देखि २०६२ सम्म चलेको सशस्त्र द्वन्द्व र २०६२/६३ को दोस्रो जनआन्दोलनले गर्दा नेपाली समाजमा यो समय महत्त्वपूर्ण परिवर्तन र रूपान्तरणको अवधिका रूपमा रहेको छ । राजनीतिक आन्दोलनको यो प्रभाव साहित्यको एउटा विधा निबन्धमा पनि परेको छ । यस चरणका निबन्धमा कुनै न कुनै रूपमा समाज, युग र त्यसका संस्कारहरू र राजनीतिक चेतना समेटिएका छन् । नेपाली निबन्धमा वैचारिक चेतनाका दृष्टिले केही स्रष्टाकेन्द्री अध्ययन भए पनि उत्तरवर्ती नेपाली निबन्धमा केन्द्रित भई राजनीतिक चेतनाका पक्षबाट अध्ययन नभएको हुनाले यसका कोणबाट अध्ययन गर्न आवश्यक देखिएको छ । उत्तरवर्ती नेपाली निबन्धमा प्रस्तुत भएको यही राजनीतिक परिवेश तथा सामाजिक राजनीतिक अवस्थाको विश्लेषण यस लेखमा गरिएको छ र राजनीतिक र वैचारिक दृष्टिले समीक्षा गर्दै तिनमा प्रतिरोधी चेतना रहेको निष्कर्ष निकालिएको छ । उत्तरवर्ती नेपाली निबन्धले सामाजिक परिवर्तनका पक्षलाई सम्बोधन गर्दै समाज रूपान्तरणको वैचारिकी पनि निर्माण गर्न सफल रहेको देखिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन मूलतः राजनीतिक सिद्धान्तमा आधारित छ । यसका लागि सैद्धान्तिक सामग्रीको सङ्कलन गरिएको छ र वैचारिक सिद्धान्तमा आधारित सामग्रीको रूपमा उपयोग गरिएको छ । निबन्ध विश्लेषका क्रममा पाठपरक विश्लेषण विधिको उपयोग गरिएको छ । साहित्यमा राजनीतिक चेतनाको अध्ययनको सैद्धान्तिक आधार मार्क्सवाद नै हो । यस लेखमा इटालेली मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीको वर्चस्व र विचारधारासम्बन्धी मान्यतालाई विश्लेषणको मूल आधार मानी उनकै प्रतिरोधी चेतनाको उपयोग गरिएको छ । यसबाहेक फ्रान्सेली चिन्तक लुइस अल्थुसरको राज्यको दमनकारी संयन्त्रसम्बन्धी मान्यता र बाउर्लिनको बहुल वैचारिक मान्यतालाई पनि आधार मानी उत्तरवर्ती नेपाली निबन्धहरूको विश्लेषण गरिएको छ । सोद्देश्य नमुना छनोटका आधारमा राजनीतिक चेतनाको प्रवलता भएका सोह्रजना निबन्धकारका सोह्रओटा निबन्ध र पाँचओटा कृतिका अंशलाई प्राथमिक सामग्रीका रूपमा चयन गरी पाठपरक विश्लेषण गरिएको छ । आन्दोलनको पक्षमा निर्मित चेतना, शासकवर्गीय वर्चस्वका विरुद्धको वैचारिक चेतना र दमन र प्रतिरोधको चेतनाका आधारमा निबन्धबाट प्राप्त सामग्रीको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

राजनीतिक चेतना राजनीतिक विचारधारा र राजनीतिक सचेतताको संयोजनको अवस्था हो । यो शासकवर्गीय विश्वास र मूल्यका विरुद्धको चेतना पनि हो । बाउर्लिनका अनुसार राजनीतिक चेतनाले निश्चित राजनीतिक स्थितिलाई समर्थन गर्दछ भने समालोचनामा पनि राजनीतिक रुचिलाई प्रस्तुत गर्ने गरी विश्लेषणका लागि आधार प्रदान गर्दछ (सन् १९९७, पृ. १०३) । सौन्दर्यशास्त्रीय विचारधारा र राजनीतिक अभ्यासलाई राजनीतिका कसीमा हेर्दै कृतिको विश्लेषण गर्नु राजनीतिक समालोचना हो भने यस समालोचनाले कृतिमा प्रकट भएको राजनीतिको

सचेततालाई प्रस्तुत गर्दछ । राजनीतिक समालोचना आफैँमा राजनीति होइन, तर यसले समालोचनाको राजनीतिक विषयका निम्ति आधार दिन्छ र कृतिमा व्यक्त विचारधाराको विश्लेषण गर्छ । बाउर्लिनले राजनीतिक समालोचना र राजनीतिक सचेतताले राजनीतिक यथार्थ र त्यस सन्दर्भलाई प्रस्तुत गर्दछ (सन् १९९७, पृ. १०४) भनेका छन् । राजनीतिक समालोचना साहित्यको अन्तर्विषयक क्षेत्र हो र यसअन्तर्गत मार्क्सवाद, नारीवाद, लैङ्गिकता, जातीयता जस्ता विषय आउँछन् । राजनीतिक समालोचनाको पहिलो आधार मार्क्सवादी सिद्धान्त रहेको छ । एटकिन्सले निबन्धलाई विषयको गहिराइमा पुग्ने चिन्तनमूलक लेखन भनेका छन् (सन् २००५, पृ. १४९) । यस दृष्टिले निबन्ध चिन्तनको गहिराइमा पुगेर प्रकट हुने वैचारिक लेखन हो ।

प्राज्ञिक र बौद्धिक विषय बनाएर साहित्यमा वर्णित सामाजिक आर्थिक परिवेश र त्यसमा वर्गको भूमिकाको चित्रण मार्क्सवादी राजनीतिक समालोचनाले गर्दछ । मार्क्स र एङ्गेल्सद्वारा स्थापित यो सिद्धान्त वर्गका सापेक्षतामा विचारधारा र त्यसको प्रतिबद्धतालाई हेर्ने सिद्धान्त हो । यही विचारधारा र प्रतिबद्धताले नै मार्क्सवादी राजनीतिक सचेततालाई व्यक्त गर्दछ । उत्पादनका साधन र उत्पादन सम्बन्धहरूका सापेक्षतामा सामाजिक राजनीतिक र प्राज्ञिक अवस्था कस्तो छ र साहित्यमा सामाजिक राजनीतिक अवस्था कसरी व्यक्त भएको छ भन्ने कुरा नै मार्क्सवादी राजनीतिक सन्दर्भ हो र यसप्रतिको सचेतता नै राजनीतिक सचेतता हो । ब्रेटेन्सले पुँजीवादी आर्थिक आधार र सांस्कृतिक अधिरचनालाई लेखकले कसरी साहित्यमा सिर्जनात्मक रूपमा प्रस्तुत गर्दछ त्यसबाट नै साहित्यको राजनीतिक स्वरूप निर्धारित हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । यही आधारमा उनले मार्क्सवादी राजनीतिक दृष्टिले विचारधारा र प्रभुत्वको विश्लेषण गरेका छन् । विचारधारालाई उनले राजनीतिको केन्द्रीय विषय र सचेतताको आधारका रूपमा लिएका छन् । हरेक समाजमा निश्चित सामाजिक सम्बन्धहरू हुन्छन् र ती सम्बन्धहरू वर्गसम्बन्धका रूपमा रहेका हुन्छन् । पुँजीवादी समाजमा पुँजीपति र मजदुरहरूको सम्बन्धका दृष्टिले मजदुर वर्गप्रति लेखक कति सचेत छ भन्ने कुरालाई उसको विचारधारात्मक सचेतनाका आधारमा हेर्ने गरिन्छ । यस हेराइलाई छद्म चेतनाका रूपमा व्याख्या गरिएको छ । छद्म चेतना भनेको त्यस्तो विचार हो जसलाई आफ्नो स्थितिका आधारमा मानिसले ग्रहण गर्दछ । यसैका आधारमा समाजमा विचारधाराको निर्माण हुन्छ । मार्क्सवादी साहित्यिक अध्ययनमा विचारधारालाई केन्द्रीय राजनीतिक तत्त्वका रूपमा लिइन्छ । यस्तो तत्त्व आर्थिक आधारको सांस्कृतिक अधिरचना हो र जसको निर्धारण सामाजिक आर्थिक तत्त्वहरूले गर्दछन् । राजनीतिक सचेतताको अर्को महत्त्वपूर्ण पक्ष सांस्कृतिक प्रभुत्व हो । इटालेली मार्क्सवादी आन्टोनियो ग्राम्चीद्वारा प्रतिपादित यो सिद्धान्त विचारधाराकै विकसित रूप हो । यसमा शासक वर्गले विभिन्न विश्वास र मूल्यका आधारमा आफ्ना विचारहरू लागु गर्ने र कार्यान्वयन गर्ने गर्दछ । शासक वर्गको मूल्य र विश्वास फैलाउने मूल आधार माध्यम नागरिक समाज हो । शासकवर्गीय विचारधाराकै समानान्तरतामा प्रतिरोधी विचारधारा पनि रहने र त्यसले शासकवर्गका विरुद्धको चेतना निर्माण गर्छ (ग्राम्ची, सन् १९९२, पृ. २४५) । यस्तो प्रभुत्व समाजका विभिन्न क्षेत्रहरू जस्तै विद्यालय, विश्वविद्यालय, मन्दिर, परिवार र समुदायमा रहेको हुन्छ र यसले शासकवर्गीय विचारधाराको संरक्षण गरेको हुन्छ (अल्थुसर, २०७२, पृ. २७५) । यस लेखमा शासकवर्गीय चिन्तन र व्यवहारका विरुद्ध प्रतिरोधी विचारधाराको निर्माणका लागि भएका आन्दोलन, विचार निर्माण जस्ता पक्षको विश्लेषण गरी उत्तरवर्ती चरणको नेपाली निबन्धमा प्रस्तुत भएको राजनीतिक सचेतताको विश्लेषण गरिएको छ ।

## निबन्धमा राजनीतिक चेतनाको विश्लेषण

उत्तरवर्ती नेपाली निबन्धमा राजनीतिक चेतना र त्यसले समाजमा ल्याएको संचेतनाको चित्रण पाइन्छ । नेपाली राजनीतिक आन्दोलनका चार मुख्य घटना यस समयका राजनीतिक परिघटनाहरू हुन् । यी परिघटना २०३६ सालको आन्दोलन, २०४६/४७ सालको लोकतान्त्रिक आन्दोलन, २०५२-६२ बिचको दशवर्षे सशस्त्र जनयुद्ध, २०६२/६३ को लोकतान्त्रिक आन्दोलनका सन्दर्भसँग सम्बन्धित छन् र आन्दोलनसँग सम्बद्ध राजनीतिक चेतनाका स्वर यस चरणका नेपाली निबन्धमा सघन रूपमा आएका छन् । तत्कालीन शासन व्यवस्थाका विरुद्धमा भएका ती राजनीतिक आन्दोलनले सामाजिक रूपान्तरणको चेतना निर्माण गरेको देखिन्छ । नेपाली समाजको चार दशकको अवधिमा भएका यी राजनीतिक आन्दोलन र तिनले समाजमा ल्याएका प्रभावको अङ्कनबाट नेपाली निबन्धले यस युगको राजनीतिक चेतनाको प्रतिनिधित्व गरेको देखिन्छ । नेपाली समाजमा भएका राजनीतिक आन्दोलनको विभिन्न सन्दर्भसँग जोडिएका निबन्धमा राजनीतिक चेतनाको निर्माण गर्न आन्दोलनको समर्थन, प्रतिरोधी चेतना र यसद्वारा निर्मित राजनीतिक चेतनाको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

## आन्दोलनको पक्षमा निर्मित चेतना

समाज परिवर्तनका लागि सामाजिक सांस्कृतिक चेतनाको निर्माण र त्यसका लागि भएका राजनीतिक आन्दोलनको भूमिका महत्त्वपूर्ण हुन्छ । समाज र मानिसको सभ्यता चेतना निर्मितिको यात्रा पनि हो र यसको निर्मितिमा राजनीतिको भूमिका महत्त्वपूर्ण हुन्छ । समयको विकाससँगै बढ्दो चेतना र त्यस चेतनाले ल्याउने राजनीतिक परिवर्तनको दृष्टिकोण निर्माण तथा शासन सत्ताको वर्चस्वकारी चरित्रको अन्त्यका लागि आन्दोलन आवश्यक भएको विचारसँग सम्बद्ध यस चरणका निबन्धहरू आन्दोलनको पक्षमा रहेका निबन्धहरू हुन् ।

तिसवर्षे पञ्चायती शासन व्यवस्थाको निरङ्कुशताका विरुद्ध आन्दोलन गर्न आवश्यक रहेको चेतना निर्माणको सन्दर्भ उत्तरवर्ती निबन्धमा पाइन्छ । २०३६ सालको विद्यार्थी आन्दोलनको पृष्ठभूमिमा निरङ्कुश पञ्चायती व्यवस्थाको उत्पीडनकारी र दमनकारी चरित्र नै मूल कारकका रूपमा रहेको थियो । भारतले सिक्किमलाई आफ्नो भूमिमा गाभेको विस्तारवादी घटना तथा पाकिस्तानमा जुल्फिकर अलि भुट्टोलाई फाँसी दिने निर्णय र ती घटनाले विद्यार्थीहरूमा व्युँझाएको चेतनाबाट आन्दोलनको सुरुवात भएको प्रसङ्ग केही निबन्धमा छन् । नारायण ढकालको 'हिरासतमा तीन दिन' निबन्धमा २०३२ सालतिरका विद्यार्थीमा उदाएको यही राजनीतिक चेतनाको स्थितिलाई देखाइएको छ : "सबै कुरामा वितृष्णा भए पनि देशको मायाले मलाई सिक्किम आक्रमणको विरोधमा उभ्यायो र भारतीय दुतावासमा विरोधपत्र दिन जाने जुलुसमा म पनि सामेल भएँ" (पृ. ८) । आफ्नो देशको राष्ट्रियताको पक्षमा हुने आन्दोलन र विश्व राजनीतिक अवस्थाको जानकारी राजनीतिक चेतनाका दृष्टिले महत्त्वपूर्ण छ भन्ने कुरा निबन्धकारले यहाँ बोध गरेको देखिन्छ । यस निबन्धले विद्यार्थी आन्दोलनका पृष्ठभूमिमा विकसित राजनीतिक चेतनाको सन्दर्भलाई पनि चिनाएको छ ।

दुर्गा घिमिरेले *जेलको सम्झना* कृतिमा बिसको दशकबाटै सुरु भएको आफ्नो राजनीतिक चेतना र त्यति बेलाको विद्यार्थी आन्दोलनको सन्दर्भको उल्लेख गरेकी छन् । नारी हुनु अनि चेतनशील र जुझारू विद्यार्थी हुनुको दुई धारबाट सुरु भएको राजनीतिक चेतनाको यात्रा उनको यस कृतिमा प्रकट भएको छ । "छोरी भएकाले म एकैपटक दुई युद्धमा संलग्न भएँ - नारी स्वतन्त्रता र प्रजातान्त्रिक स्वतन्त्रता" (पृ. ८) । राजनीतिक चेतनाको निर्माणबाट नारीमुक्ति र अन्य मुक्तिका सन्दर्भहरू जोडिएका हुन्छन् भन्ने कुरा उनको यस कृतिमा कृतिमा वर्णित छ ।

राममणि रिसालको जागिरे जीवनको अनुभवमा लेखिएको ‘समाचार नहुने समाचार ‘मङ्गलमान’ निबन्धमा पञ्चायती शासनका समयको कठोर प्रशासनिक रूपलाई एउटा शासकवर्गीय चरित्रमार्फत् यसरी प्रस्तुत गरिएको छ :

थरीथरीका अस्त्रशस्त्र चलाउन ऊ धुरन्धर थियो । सात सालअघिको रोग ऊ उत्पात मच्चाउँथ्यो । त्यतिखेरको कुनै फेर, सप्को, तुना, मोजा जेजे समातेपछि पनि सबै खत माफ हुने बेलाको ऊ निर्भय भाले थियो । अधिकृतस्तरको ऊ थियो । प्रसारणको ‘क’-‘ख’ पनि जान्दैनथ्यो त के भयो, हाकिम र सल्लाहकारको पनि ऊ सल्लाहकार थियो । निर्णयहरूको भावार्थ र व्याख्यान उसैले दिन्थ्यो । ...त्यसबेला प्रशासनिक संरचनाभित्र प्रायः यस्ता बहुमुखी स्वामीभक्त व्यक्ति र इमानदारहरू नै अधिक नजिक पर्ने हुनाले उसकै सल्लाहगत हुन म पनि बाध्य भएँ । (पृ. ७)

पञ्चायती शासन व्यवस्थामा रहेको निरङ्कुशतन्त्र, चाकडी, चापलुसी र भ्रष्टाचारजन्य कर्मचारीतन्त्रलाई निबन्धले चिनाएको छ । भैरवीको बिम्बले अराजक र असहिष्णु चरित्रलाई बुझाएको छ भने अस्त्रशस्त्र चलाउन धुरन्धर पात्रको बयानले आफ्नो स्वार्थका लागि जस्तोसुकै व्यवहार गर्न तयार रहने चाकडीबाजको स्वभावलाई चिनाएको छ । निरङ्कुश पञ्चायती शासन व्यवस्थाको भ्रष्टाचारलाई चिनाउने क्रममा यस निबन्धमा तत्कालीन समयको शोषणको स्वरूप प्रस्तुत भएको छ । शक्ति र सत्तामा पुगेका वर्गले गर्ने गरेको शोषणलाई पनि निबन्धले प्रस्तुत गरेको छ र सत्ता परिवर्तनका लागि आन्दोलन आवश्यक रहेको वैचारिक चेतनाको निर्माण गरेको छ ।

सङ्घर्षबिना समाज परिवर्तन हुँदैन भन्ने चेतनाको निर्माण गर्ने यस समयको अर्को शक्तिशाली कृति मञ्जुलको *सम्झनाका पाइलाहरू* हो । यस कृतिमा युवाजोसका गायक यात्रीहरूले एघार महिनासम्म गाउँगाउँमा चेतनाको निर्माण गर्न गरेको गीतसङ्गीतको यात्रा र त्योसँग जोडिएको उत्साहको अभिलेख छ । निबन्धकारले पञ्चायती शासन व्यवस्थाको अन्त्यका लागि गाउँगाउँमा जागृतिको आवश्यकता रहेको वैचारिकीलाई प्रस्तुत गरेका छन् “वास्तवमा देशमा त्यो बेला नै केही हुन सक्छ जब देशका जनताहरूले असल क्या हो खराब क्या हो छुट्याउन सक्तछन् र खराब कुरालाई मासेर असल कुरा ल्याउनको निम्ति एकजुट भएर सङ्घर्ष गर्न तयार हुन्छन्” (पृ. ७१) । यस निबन्धमार्फत समाजमा राजनीतिक चेतनाको निर्माण गर्ने यस्ता अभियान र तीसँग जोडिएका कार्यक्रमले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । २०४६ को राजनीतिक परिवर्तनका लागि निरङ्कुश शासनविरुद्धको लडाइँका पृष्ठभूमिका रूपमा रहेको भारतसँगको सन्धिसम्झौताको नवीकरण विवाद तथा त्यसले नेपाली समाजमा निम्त्याएको सङ्कटको अवस्था र त्यसबाट व्युँझिएको आन्दोलनको उभारलाई कृष्णचन्द्रसिंह प्रधानको ‘गौतमबुद्धको चिठी : अशोकको नाउँमा’ निबन्धले यसरी प्रस्तुत गरेको छ :

आस्था खोस्नेहरू ! विश्वास गर्नेहरू ! युद्धबिना नै युद्धस्तरको चर्काचर्की र नाकाबन्दी देख्दा सोध्न मन लाग्छ कसको विरुद्ध लडाइँ लड्ने तैयारीको यो पूर्वाभ्यासमा लागेका छौ हँ ? के नुनको सोझो चिताइदिनुपर्छ भनेर तिमी नुनको पैठारी गर्दैछौ मेरो देश ? आह ! मैले आफ्नो अस्तित्व बेचेर कहाँ नुन खाने गरेको छु र ! यस्तै भए महाशय ! बिना नुन पनि खाइदिन सक्छु । नमक आन्दोलनका अनुभवी तिमी ! तिमीलाई त थाहा होला, कर मात्रै बढाइदिँदा पनि नमक आन्दोलन छोडेर भारतीय नुनको मर्यादा राखेका थियौ । तिमी एक पाइला अघि बढ्यौ र नुन नै रोकेर नुनको सोझो चिताउन भन्दैछौ मलाई ? (पृ. ३८)

प्रस्तुत निबन्धांशले तत्कालीन समयको पहिलो जनआन्दोलनसँग जोडिएको नेपाल भारत सन्धि सम्झौताको सन्दर्भ, भारतले लगाएको आर्थिक नाकाबन्दी र त्यसले नेपाली समाजमा नित्याएको

सङ्कटका साथै बहुदलीय व्यवस्थाका लागि गरिएको लडाइँका लागि जागरुक बनेको जनताको विद्रोही मनस्थितिलाई प्रस्तुत गरेको छ । पञ्चायती व्यवस्थाको अनेक कमजोरी र भारतको नेपालप्रतिको बदलिँदो दृष्टिकोणले नुन, तेलको सङ्कटमा परेका नेपालीको दुःखद समयलाई यसले चिनाएको छ । दैनिक उपभोग्य वस्तु नपाएर आन्दोलनमा होमिएको नेपाली जनताको अधैर्य र छटपटीको समयलाई पनि यस निबन्धले प्रस्तुत गरेको छ । यस निबन्धमा २०४५/४६ को पहिलो जनआन्दोलनको सन्दर्भ स्पष्ट रूपमा अङ्कित छ । २०४६ को जनआन्दोलनको समर्थनमा युद्धको उद्घोष गरी मृत्युवरण गर्न नहिचकिचाउने स्रष्टाहरू र चेतनाको प्रमुख संवाहक लेखन स्वतन्त्रताको आवाजलाई निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले ‘शब्द ब्रह्म’ निबन्धमा बोली बन्द गर्ने सरकारका विरुद्ध हुङ्कार व्यक्त गरेका छन् । २०४६ सालभन्दा अघिको नेपाली समाजमा रहेको पञ्चायती दमनका विरुद्ध लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले वैचारिक स्वतन्त्रताका पक्षमा आवाज उठाएका छन् । अभिव्यक्ति स्वतन्त्रता नभएको शासन व्यवस्थामा व्यक्तिका हरेक अधिकारहरू कुण्ठित हुन्छन् भन्ने दृष्टिकोण व्यक्त गर्दै स्वतन्त्रता प्राप्तिका लागि विद्रोहात्मकता अपरिहार्य रहेको सङ्केत यस निबन्धले गरेको छ । उत्तरवर्ती नेपाली निबन्धमा नेपालको दशवर्षे जनयुद्ध, २०६२/६३ को दोस्रो जनआन्दोलन र लोकतान्त्रिक गणतन्त्रका रूपमा अघि बढेको नेपालको राजनीतिक सामाजिक अवस्थालाई पछिल्ला समयका धेरै निबन्धहरूले विषय बनाएका छन् (सुवेदी, २०६८, पृ. ४४७) । निबन्धमा लेखक बाँचेको समयको आन्दोलनका चेतना अनुबन्धित भएको कुरा यस समयका धेरैजसो निबन्धले पुष्टि गरेका छन् ।

दीनानाथ शर्माको ‘एउटा अतीत’ निबन्धमा जनयुद्ध र त्यसको महत्ताको चित्रण गरिएको छ । माओवादी युद्धका समयमा लडाकुहरूले गरेका सङ्घर्षका अनेक रोचक सन्दर्भलाई निबन्धले प्रस्तुत गरेको छ :

विचार, व्यवहार र अनुभवले खारिएको प्रौढ र परिपक्क व्यक्तित्वका धनी, उमेरले पाको भए पनि युवा जोस, जाँगर र सक्रियतासहित कमरेड निरन्तर कार्यक्षेत्रमा डटिरहेको छ । क्रान्ति यात्राका अनेकौँ आरोह, अवरोह, घुम्ती र कुइनेटा पार गर्दै, अनेकौँ हन्डर र गोता खाँदै आएको कमरेडले विगतका तितामिठा अनुभवलाई साउनको खहरे झैँ अविरल पोखिरहेको छ । (पृ. १६४)

निबन्धकारले एउटा पात्रका माध्यमबाट दोस्रो जनआन्दोलनको आफ्नै अनुभव पनि यस निबन्धमा समेटेका छन् । देशको परिवर्तनका लागि केही गर्न होमिएको एउटा पात्रको जोस र उत्साहलाई यहाँ प्रस्तुत गरिएको छ । निबन्धकार स्वयम् यस आन्दोलनका योद्धा भएका आधारमा उनी यो अनुभूति निबन्धमा साउनको खहरेझैँ पोख्न आतुर भएका देखिन्छन् । निबन्धले जनयुद्धका समयको शब्दचित्रात्मक बिम्ब प्रस्तुत गरेको छ ।

सामाजिक परिवर्तनका लागि द्वन्द्व आवश्यक हुन्छ । यसले समाजमा रहेका अन्याय र विकृति विसङ्गतिको निर्मूल गरी नवनिर्माणको आह्वान गर्छ भन्ने मार्क्सवादी चिन्तनबाट प्रेरित हुँदै नेपाली समाजमा दश वर्ष सशस्त्र द्वन्द्व भयो । यस समयको द्वन्द्वका अनेक रूप र अवस्थाका स्मरण विशेष गरी साठीको दशकका कृतिहरूमा भएका छन् । द्वन्द्वरत समयमा भएका अनेक भोगाइ र त्यति बेलाको क्षणलाई निबन्धमा सम्बोधन गरिएका छन् । क्रान्तिबाटै परिवर्तन सम्भव हुन्छ भन्ने चिन्तनले प्रेरित हुँदै क्रान्तिको भावनात्मक समर्थनमा विचारहरू प्रस्तुत भएका छन् । उत्तरवर्ती नेपाली निबन्धमा नेपाली समाजको सशस्त्र द्वन्द्वमा विद्रोही पक्षका दृष्टिबाट पनि दृष्टिकोण प्रस्तुत भएका छन् ।

दीनानाथ शर्माको 'मेरो झोला' निबन्धमा सामाजिक परिवर्तनका लागि युद्धमा होमिएका सिपाहीको मनस्थिति यसरी प्रस्तुत भएको छ : "मेरो झोलाभित्र हाँसीहाँसी मर्नेको जीवन छ, एउटा युग र इतिहास छ । मेरो जीवनको झोलाभित्र सामाजिक अगुवाको झोला, समाजसेवीको झोला र राजनीतिको झोला पनि अटेको छ । अँध्यारोमा बोकेको झोला र उज्यालोमा भिरेको झोलाको आआफ्नै इतिहास र महत्त्व छ" (पृ. ८२) । निबन्धमा झोलालाई क्रान्तिको प्रतीक बनाएर निबन्धकारले सशस्त्र द्वन्द्वको पक्षमा आवाजहरू प्रस्तुत गरेका छन् । माथिका पङ्क्तिले युद्धमा हाँसीहाँसी जीवन उत्सर्ग गर्न तयार हुने विद्रोही वर्ग समाज रूपान्तरणको सपनाले अगाडि बढेका हुन्छन् भन्ने सत्यलाई प्रस्तुत गरेको छ । यहाँ परिवर्तनले निर्माण गर्ने इतिहास र युगप्रति विद्रोही पक्षको सकारात्मक दृष्टिकोण छ । निबन्धमा युद्धमा मृत्यु पनि प्रिय हुने र त्यसको प्रभावले परिवर्तनको उज्यालो आउने सङ्केत गरिएको छ । उनका निबन्धमा युद्धमा प्राप्त गरेको शाहदतले समाज परिवर्तनका साथै मुक्ति प्राप्त हुने सङ्केत गर्दै युद्धलाई नवीन इतिहास निर्माण गर्ने अवसरका रूपमा प्रस्तुत गरेको छ ।

निबन्धकार माधव पोखेलले 'देशमा वैतरणी बगेको बेला' निबन्धमा मुख्य रूपमा युद्धबाट हुने मानवीय क्षतिप्रति अत्यन्त संवेदनशीलता प्रकट गरेका छन् तर यस निबन्धमा माओवादीले युद्धमा देखाएको संयमीपनका पक्षमा पनि केही विचार प्रकट गरेका छन् : "माओवादीहरूले हानेको घुयँत्रो धेरैजसो ताकेकै ठाउँमा परेको छ, तर सरकारी पक्षको चोटले धेरैजसो निर्दोष मर्न सक्ने सम्भावना छ । किनभने माओवादीले चाहिँ प्रायः प्रहार गर्नुपर्ने मान्छेलाई चिनेको कुरो सुनिन्छ, तर सरकारी पक्षको प्रहारमा परेको हरेक मान्छेचाहिँ मृत्युशैय्यामा ढल्नुभन्दा अगाडि सरकारी अभिलेखमा कहिल्यै नचढेको मान्छे पनि पर्न सक्छ" (पृ. ६४) । यहाँ निबन्धकारले युद्धले निम्त्याउने संहारको विरोध गर्दागर्दै पनि केही रूपमा माओवादी द्वन्द्वलाई आफ्नो अनुशासनमा रहेर परिवर्तनका लागि अगाडि बढेको सङ्केत गरेका छन् ।

गोविन्द वर्तमानले जनयुद्धको प्रभावको अध्ययन भ्रमण गर्दै लेखेको *सोह्र साँझहरू* कृतिमा युद्धका अनेक संवेदनशीलतालाई प्रस्तुत गरेका छन् । युद्धमा प्रत्यक्ष असर परेका पात्रहरूको मनोदशालाई नजिकबाट केलाउँदै लेखिएको यस कृतिमा उनले सङ्घर्षमा होमिएका अनेक पात्रको सङ्घर्षप्रतिको विश्वास र जुझारू मनोदशालाई पनि चिनाएका छन्: "देवीले आफ्नो थुनछेकको इतिहास हाम्रोसामु खुलस्त गरिन् । मलाई लाग्यो, हाम्रो दिमागमा बसेको रहलपहल कुहिरो पनि अब हटेको छ र सारा दृश्यहरू छ्याङ्ग भएका छन्" (पृ. २२०) । परिवर्तनका लागि जनताको प्रतिबद्धता र अठोट महत्त्वपूर्ण हो भन्ने कुरा बागलुङमा भेटिएकी देवीको जुझारू मानसिकता र उनले भोगेको जीवनको सङ्घर्षकथाबाट स्पष्ट भएको छ । देवीका कुराबाट निबन्धकार र उनका साथीहरूमा समेत आन्दोलनको चेतनामा नयाँ ज्ञानको निर्माण भएको देखिन्छ ।

सुधा त्रिपाठीले 'मिथक भइछु म त' निबन्धमा माओवादी आन्दोलनसँगको आफ्नो हार्दिकता र सम्बन्धलाई सुनखानीसँगको आफ्नो यात्राको सन्दर्भमा वर्णन गरेकी छन् । आन्दोलनसँग जोडिएका कार्यकर्तालाई बाबुले 'तेरा भाइबहिनीहरू' भनेको र त्यसमा आफू आन्दोलन र परिवर्तनको पक्षधर रहेको सन्दर्भसँग जोडेकी छन् । यात्रामा व्यवधान आउने संभावनामा पनि आन्दोलनकारीले "खुरुखरु आफ्नो बाटो हिँड्नेलाई उनीहरूले किन पो चिथोर्नु र !" (पृ. ६२) भन्दै आन्दोलनकारीको नैतिक समर्थन गर्नुले आन्दोलनको पक्षमा निबन्धकारले चेतनाको निर्माण गरेको पुष्टि हुन्छ ।

'बुढो रुख' निबन्धमा दीनानाथ शर्माले नेपाली समाजमा आएका राजनीतिक परिवर्तन प्रकृतिको परिवर्तनजस्तै स्वाभाविक र अपरिहार्य रहेको तर्क प्रस्तुत गरेका छन् । उनले नेपालमा रहेका अनेक व्यवस्थालाई बुढो रुखका रूपमा देखेका छन् :

राणाहरूले आफ्नो शासनसत्ता टिकाउन सम्भव भएन । पञ्चायतका मसियाहरू अहिले बहुदलीय लोकतन्त्र भन्न बाध्य छन् । सामन्ती राजतन्त्रका पुजारीहरू गणतन्त्र नेपालको मठाधीश हुन खोज्दैछन् । ...सातसाल पूर्व रोपेका रुखहरूको भित्रभित्रै जराहरू मकिदै गएको दृश्य पनि अगाडि आयो । कसैले नचाहँदा नचाहँदै एकदिन गर्ल्याम्म ढल्नेछ (पृ. ११२-११३) ।

प्रस्तुत निबन्धमा प्राकृतिक परिवर्तनको नियमजस्तै सामाजिक परिवर्तन पनि अपरिहार्य भएको भन्दै क्रान्तिका माध्यमबाट नै यस्तै परिवर्तन सम्भव भएको सङ्केत गरिएको छ । सत्ताको वर्चस्वका विरुद्ध आन्दोलन नै सबैभन्दा शक्तिशाली आधार भएको सङ्केत यस निबन्धमा छ ।

दोस्रो जनआन्दोलनमा सबै पार्टीहरू एकजुट भएपछि आन्दोलनको अपरिहार्यता र यसको चेतनाको निर्माण अझ फराकिलो भएको देखिन्छ । आन्दोलनका समयमा भएको दमनको विरोधमा युवराज नयाँघरेले 'टाउकापर्वको श्रोता' निबन्धमा द्वन्द्वको समयमा आन्दोलनकारी पक्षलाई दमन गर्न सरकारले विद्रोही नेताको टाउकाको मोल तोकेको विषयलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् : "ठट्टा नठानियोस्, महँगो दिल्लगीमा हाम्रो टाउको झन् बेवारिसे भएकै छ । कसैको सनक र मनोरञ्जनमा हाम्रो गर्धन अचानोमा राख्न देशले दिन मिल्छ र ?" (पृ. १६३) । यहाँ सरकारी पक्षले गरेको दमनको विरोध पनि छ । सरकार वा सत्तापक्षले विद्रोहीमाथि गरेका अत्याचारले पनि समाजमा त्रास र आतङ्क फैलिएको सङ्केत यसमा गरिएको छ । नयाँघरेले ऐतिहासिक जनआन्दोलनको चरम रूपमा परिवर्तनकारीले देखाएको उत्साहलाई यसरी प्रस्तुत गरेका छन् : "भेटौँला क□र्युमा !' युद्धजस्तो, क्रान्तिजस्तो, सङ्ग्रामजस्तो बलिदानी हो - २०६२/६३ को लोकतान्त्रिक लडाइँ । समयको दह्रो मुठीकसाइ । मेरी छोरी पुस्ताले उरालेको आवाजले अजिङ्गरहरू लखेटिएको परिणाम, गोहीहरू धपिएको नतिजा, सर्पहरू खेदिएको प्राप्ति" (पृ. २१) । समाज परिवर्तनका लागि गरिएको लडाइँमा सरकारी पक्षबाट भएको जस्तोसुकै क्रूर दमनको पनि प्रतिकार गर्ने आन्दोलनकारीको मानसिकतालाई यहाँ प्रस्तुत गरिएको छ । सत्ताको जस्तोसुकै दमन र वर्चस्वलाई जनताको एकताले ढलाएको प्रमाण यस निबन्धमा व्यक्त गरिएको छ ।

## शासकवर्गीय वर्चस्वका विरुद्धको वैचारिक चेतना

शासनसत्तामा रहेका वर्गका वर्चस्व र तिनले गरेका दमनात्मक व्यवहारको विरुद्धमा निर्माण भएको चेतना वर्चस्व विरोधी वैचारिक चेतना हो । आन्दोलनको दमनका लागि निर्माण भएका सत्तापक्षीय व्यवहार र दृष्टिकोण उत्तरवर्ती नेपाली निबन्धमा पाइन्छ । राजनीतिक चेतनाको निर्माणमा यस्तो दृष्टिकोण अझ शक्तिशाली हुन्छन् । २०४६ सालको पहिलो जनआन्दोलनमा लेखक कलाकारको ऐक्यबद्धताले पनि आन्दोलनरत वर्गलाई विशेष रूपमा सघाएको थियो । त्यस आन्दोलनलाई दबाउन सत्तापक्षका अनेक कूटनीति र व्यवहारहरू प्रस्तुत भएका थिए । खगेन्द्र सङ्ग्रौलाको 'कालो पट्टी पर्व : जनआन्दोलनको जुनकीरी' निबन्धको यो अंशले यही सत्यलाई प्रस्तुत गरेको छ :

प्रज्ञा प्रतिष्ठानका मठाधीशहरू कालोपट्टी पर्वको आयोजना गरिने कुरा सुन्दैमा आफूले भोगचलन गरिआएको आरामदायी कुर्सी हल्लिएर थुर्थुर काम्न थाले । कार्यक्रम हुनुभन्दा तीन दिन अघिदेखि नै प्रतिष्ठानमा पस्ने मूल द्वारहरूमा भोटे ताल्चा झुन्डिए । दायाँबायाँ कमाण्डो भाइहरू तैनाथ गरिए । प्रतिष्ठानका कर्मचारीहरूले भित्र पस्न कमान्डो भाइहरूलाई पास देखाउनुपर्ने कडिकडाउ व्यवस्था

गरियो । सुनिजानेको कुरा हो, एकजना फिल्मी खलपात्रको नेतृत्वमा कमान्डो टुकडी प्रज्ञा प्रतिष्ठान परिसरभित्र कतै ट्याक्सी लिएर तम्तयार अवस्थामा राखिएको थियो । र, यो पनि सुन्नमा आयो, आन्दोलनकारी साहित्यकार कलाकारहरूले भित्र पस्न जिरह गरे भने तिनका खुट्टा भाँच्ने आदेश टुकडी कमान्डरले पाएको थियो । (पृ. ४१)

प्रस्तुत निबन्धमा सत्ताधारीले आन्दोलनका असफलताका लागि प्रयोग गरेका अनेक हत्कण्डाको नीतिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । सत्तापक्षले आफ्नो कुर्सी जोगाउन प्रयोग गरेका अनेक उपायलाई प्रस्तुत गरी निबन्धकारले यहाँ समाजमा रहेको सत्तापक्षको दृष्टिलाई प्रस्ट पार्न सफल भएका छन् ।

वि.सं. २०६२/६३ को जनआन्दोलनका समयमा आन्दोलनलाई असफल बनाउन गरिएका सत्ताका अनेक कार्यहरूमध्ये क□र्यु पनि एक थियो । क□र्युको समयमा उत्पन्न हुने सन्त्रासबाट आन्दोलनकारीलाई तर्साउँदै सत्तापक्षको आन्दोलन विरोधी मानसिकताको दृष्टिकोणलाई 'रात पनि ऐठन परेको रातमा' नवीन विभास यसरी प्रस्तुत गर्छन्: "भन्छु, यसको खास जवाफ त रोल्पासित होला, जो सातआठ वर्षदेखि नै क□र्युमा ऐठन परेको छ" (पृ. ९१) । मध्यपश्चिम र सुदूर पश्चिमका जिल्लाहरूले युद्धको असहजता तथा शासनसत्ताले थोपरेको शक्तिको वर्चस्वले सबैभन्दा बढी समस्या भोगेको यथार्थलाई उनका निबन्धहरूले संवेदनशील रूपमा उतारेका छन् । युवराज नयाँघरेले पनि कर्फ्युको तत्कालीन दमनलाई निबन्धमा यसरी प्रस्तुत गरेका छन्:

क□र्यु - आङ सिरिङ्ग्याउने समय । क□र्यु - सातो जाने समय । क□र्यु - आँत थरथराउने समय । क□र्यु - खुट्टा लुगलुगाउने समय ।

क□र्युको मुर्दाशान्तिमा सास फेर्छ नेपालको विक्षिप्त आत्मा (पृ. २७) ।

क□र्युबाट आन्दोलन दबाउन सकिन्छ भन्ने सत्तापक्षको निर्मम मानसिकतालाई निबन्धका यी पङ्क्तिले प्रस्ट्याएका छन् । विद्रोहबाट अशान्त बनेको समय क□र्युबाट शान्तिमा बदल्ने सत्तापक्षको क्षणिक नीतिलाई यस निबन्धले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । सत्ताको कठोर व्यवहार र त्यो कठोरताबाट पछि नहट्ने आन्दोलनकारी जनताको दृढता पनि यसले सङ्केत गरेको छ ।

## दमन र प्रतिरोधको चेतना

उत्तरवर्ती नेपाली निबन्धमा नेपालमा भएको दश वर्षसम्मको सशस्त्रद्वन्द्वले उब्जाएको भय र सन्त्रासको युद्धग्रस्त वातावरणबाट उन्मुक्ति र शान्ति स्थापनाको स्वाभाविक चेतना निर्मित छन् । नेपाली समाजको त्यस युद्धमा सबै थरीका नेपालीहरू पीडित भए । सबै पीडित परिवारको अनुभूतिलाई राजेन्द्र सुवेदीले 'द्वन्द्व, जीवन र मान्छे' निबन्धमा यसरी प्रस्तुत गरेका छन् :

मेरो भाइ छापामार थियो - प्रहरीको घेरामा परेर मऱ्यो । मेरै भाइ छापामारहरूको आक्रमणमा मारियो । मेरो छोरो पनि मऱ्यो जो छापामार सैनिक थियो - ऊ पनि सेनाको घेरामा परेर मऱ्यो । म आफैँ छापामार भएर निस्किएँ - लडाइँको मैदानमा । संस्थापनाका पक्षमा लाग्नेहरूले सुराकी दिए - म पनि मारिएँ । छापामारहरूलाई खाना खुवाएकोमा मेरी श्रीमती मारिई । छापामारहरू आएको सूचना सरकारी सेनालाई दिएको अभियोगमा मेरो बुहारी मारिई । यसरी हामी मरिरहेकै समयमा मेरा सन्ततिहरू इराकमा मारिँदै थिए । मेरा इष्टमित्रहरू अफगानिस्तान र श्रीलङ्कामा मारिँदै थिए । यसरी हाम्रो विगत लडाइँको रक्तगर्तमा पौडी खेलेको खेल्यै देखिन्छ । (पृ. ३)

प्रस्तुत निबन्धमा सशस्त्र द्वन्द्वको समयमा नेपाली समाजमा पीडित भएका पात्रहरूको अवस्थालाई देखाइएको छ । एउटै परिवारका व्यक्तिहरू कुनै विद्रोही पक्षबाट मारिएका, कुनै सत्तापक्षको सैनिक कारवाहीमा मारिएका अनि वैदेशिक रोजगारीमा पुग्दा पनि त्यहीँका विद्रोहीबाट मारिएको सत्यले त्यतिबेलाको नेपाली जनताले भोगेको पीडाको सत्यलाई स्वतन्त्र मानवका रूपमा बाँच्न पाउने अधिकार निबन्धमा प्रस्तुत भएको छ ।

युद्ध सामाजिक राजनीतिक परिवर्तनका लागि भए पनि सशस्त्र जनयुद्धबाट भएको संहार अत्यन्त वीभत्स र अमानवीय भएको यथार्थलाई निबन्धकार माधव पोख्रेलेको तटस्थवर्गीय अनुभूति 'राष्ट्रिय महयज्ञमा अड्को र निम्सरो फड्को' निबन्धमा प्रस्तुत भएको छ : "नेपालमा गएका दशकभरि नरमेधयज्ञ भइरहेको छ । ...नेपालमा काग, कुकुर, स्याल र गिद्धहरूले यो मासु खाएर नसिद्धयाउने भए" (पृ. १४) । सशस्त्र द्वन्द्वपछि नेपाली समाजमा सीमान्तीकृत वर्गको आवाज बलियो भएर प्रस्तुत भएको छ । यसले नेपाली समाजको परिवर्तित चेतनालाई पनि प्रस्तुत गरेको छ । नेपाली समाजमा आएको यस रूपान्तरणकारी चेतनालाई उत्तरवर्ती नेपाली निबन्धले प्रमुखताका साथ प्रकट गरेका छन् । २०६२/६३ को राजनीतिक परिवर्तनले आम नेपाली समाजको सोचाइ र जीवनशैलीमा अनेक परिवर्तनहरू ल्याएको छ । 'देशमा वैतरणी बगेको बेला' निबन्धमा युद्धमा दुवैतर्फ मारिएकाप्रति विशेष सहानुभूति प्रकट गर्दै समाजका वर्गको चेतनालाई प्रस्तुत गरिएको छ :

समाचार माध्यममा दिनहुँ आइरहेको छ माओवादी 'आतङ्कवादी'हरू मारिएको खबर, सुरक्षाकर्मीहरूलाई अभर परेको खबर अनि थुप्रै शोकाकुल नेपालीहरू आफ्ना इष्टमित्रहरूको रगत र आफ्नै आँसुको भल मिसिएको पोखरीमा चुर्लुम्म डुबिरहेको खबर । यी मर्ने नेपालीहरूको मृत्यु र अभर पर्ने शोकाकुल नेपालीहरूको शोक कति संवैधानिक र कति असंवैधानिक छ भनेर मेरो अबुझ मनले छुट्याउन सक्दैन । मेरो राष्ट्रिय गणनामा यी दुवै थरीको एउटै खालको हिसाब छ । यी दुवैका लागि मेरो मनमा एकै थरी हुँडलो र एकै थरी पिरको तरङ्ग चलेको छ । (पृ. ६०)

पोखरेलको यस निबन्धमा हत्या र हिंसाको अनन्त शृङ्खला अगाडि बढेको र देश नै रगतको नदीमा बगिरहेको अवस्था चित्रित छ । यस निबन्धमा हत्या र हिंसाको शक्ति प्रदर्शनलाई त्यागी शान्त जीवनको कामना गरिएको छ ।

राधा पौडेलले *खलङ्गामा हमला* संस्मरणात्मक कृतिमा गरिबी र युद्धको जर्जर अवस्थाका बिचमा बाँचेको हिमाली भेग जुम्लाको स्थितिलाई चित्रण गरेकी छन् । युद्धका समयको चेतनासँगै समस्या र दु:खमा बाँचेको समाजको चित्रणमा केन्द्रित उनको लेखन युद्धको परिवेशसँग जोडिएर पनि तटस्थ देखिन्छ । त्यसैगरी शारदा शर्माको *भुइँफुलको देश* यात्रानिबन्धमा लान्द्रुक पुग्दाको प्रसङ्गमा माओवादी युद्ध र यसको समस्यासँग जोडिएका सन्दर्भलाई उनी युद्धमा समयमा भएको हिंसात्मक व्यवहारको स्थितिलाई अमानवीय भएको टिप्पणी गरेकी छन् । समाजको परिवर्तनका लागि चेतनाको निर्माण महत्त्वपूर्ण भए पनि हिंसा आफैमा मानवीयताको पक्षमा नरहेको तर्क गर्दै लेखेकी छन्: "प्रज्ञावन्तहरूले चेतनालाई आमूल परिवर्तन निम्ति क्रान्तिको सूत्र भन्ने गरेका छन् । गरिब, निहत्था, निरपराध नागरिकको जघन्य हत्या गरेर माओवादीले ल्याउने भनेको आमूल परिवर्तनको प्राथमिक पहलका कुरा मैले कसैगरी बुझ्न सकेकी छैन" (पृ. १७९) । शर्माले क्रान्ति समाज परिवर्तनका लागि आवश्यक भएको तर यसको हिंसात्मक चरित्रले समाजलाई पारिरहेको नकारात्मक असरका बारेमा आफ्नो दृष्टिकोण राख्दै आन्दोलनमा भएका दमनका विरुद्ध आवाज उठाएकी छन् ।

*छापामार युवतीको डायरी*मा माओवादी जनयुद्धमा लागेकी युवतीको सङ्घर्षको कथासँगै जुझारू चेतनाको अभिव्यक्ति छ । जनयुद्धमा लागेर सत्तासँग लड्दा र सत्ताबाट गिरफ्तार भएर जेलमा

पर्दाका पीडादायी घटनाबाट युवतीमा रहेको वर्चस्व विरुद्धको चेतना प्रस्तुत भएका छन् । जेलमा सँगै बसेकी माओवादी नेतृ धर्मशीला चापागाईंले युवतीलाई सत्ताका विरुद्ध लड्न उत्साहित गरेको यो अभिव्यक्ति महत्त्वपूर्ण छः "हेर नानी, क्रान्तिकारी जेल पर्छन्, यातना सहन्छन् र आवश्यक परे मर्छन् पनि" (पृ. ८७) । सत्ताको दमन विरुद्ध ज्यान दिन तयार रहेकी जुझारू महिला लडाकुको यस अठोटले सङ्घर्षबाट नहट्ने र वर्चस्वका विरुद्ध लाग्ने प्रतिबद्धता प्रकट गरेको छ । यसरी नेपाली राजनीतिले विकास गरेको सत्ता र सत्ताका विरुद्ध वैचारिक चेतना र राजनीतिक आन्दोलनले सिर्जना गर्ने विचारधारालाई यस समयका निबन्धले प्रस्तुत गरेका छन् । नेपाली समाजको सत्तासम्बन्ध र त्यसले सिर्जना गरेको विभेदका विरुद्धको चेतनालाई यस चरणका निबन्धले मूल विषय बनाएका छन् ।

## निष्कर्ष

निबन्ध स्वतन्त्र राजनीतिक चिन्तन र चेतनाको प्रस्फुटनका लागि उपयुक्त विधा हो । यसमा निबन्धकार विचार व्यक्त गर्न स्वतन्त्र रहन्छ र उत्तरवर्ती निबन्धमा पनि विचारको यही स्वतन्त्रता प्रकट भएको छ । उत्तरवर्ती नेपाली निबन्धमा पनि वैचारिक स्वतन्त्रताको यही रूप पाइन्छ । राजनीति र साहित्यको दोहोरो सम्बन्धलाई प्रस्तुत गर्ने क्रममा नै निबन्धले विचारधारालाई प्रस्तुत गरेका छन् भने नेपाली समाजमा घटित राजनीतिक घटनाकै सापेक्षतामा निबन्धको राजनीतिक वैचारिक चेतमा परिवर्तन देखिएको छ । यस आधारमा २०४६ सालको जनआन्दोलन पूर्वका निबन्धले पञ्चायती राजनीतिक व्यवस्था र निरङ्कुश राजतन्त्रका विरुद्ध व्यङ्ग्य गरेका छन् भने त्यस समयमा आउँदै गरेको राजनीतिक चेतनाको पनि सङ्केत गरेका छन् । यस चरणका नेपाली निबन्ध आन्दोलनको पृष्ठभूमि निर्माणका लागि सहयोगी रहेका छन् र राजनीतिक वैचारिक दृष्टिले उल्लेख्य पनि छन् । २०४६ को आन्दोलनले ल्याएको नवचेतनाको प्रभाव त्यसपछिका निबन्धमा परेका छन् । लोकतान्त्रिक आन्दोलनले पनि जनताको जीवनमा परिवर्तन ल्याउन नसकेको र त्यसको केन्द्रमा राजनीति नै रहेको सन्दर्भमा नयाँ राजनीतिक संचेतनाको खोजी त्यसपछिका निबन्धले गरेका छन् । यस चरणका निबन्धमा सत्ता र उच्चवर्गीय वर्चस्वका विरोधको राजनीतिक चेतना तथा वैचारिक प्रतिरोधको विषय र सन्दर्भ शक्तिशाली रूपमा आएको छ । क्रान्तिकारी राजनीतिक पार्टी र तिनमा देखापरेका कमीसमेतको समीक्षा गरिएको विषय यस चरणका निबन्धमा पाइन्छ । संसदवादी लोकतन्त्रका कमीकमजोरी, राजतन्त्रको पुनः निरङ्कुश हुने चाहना र त्यसका विरुद्धको प्रतिरोधी चेतना पनि यस समयका निबन्धको राजनीतिक चेतनाको विषय हो । सत्ता र सत्ताको वर्चस्व नै सामाजिक न्याय स्थापनाका लागि गरिने राजनीतिको बाधक हो भन्ने चेतनाको प्रस्तुतिसहित नवीन राजनीतिक संचेतना खोजीका लागि उत्तरवर्ती नेपाली निबन्धको राजनीतिक स्वरमा परिवर्तन आएको छ र यो परिवर्तित स्वर नै गणतान्त्रिक राजनीतिक चेतनाको स्वर हो । उत्तरवर्ती चरणका नेपाली निबन्धमा मूलतः मार्क्सवादी र अंशतः उदार लोकतान्त्रिक चेतनासँग सम्बद्ध राजनीतिक चेतना छ र यी दुवै वैचारिकीले निबन्धमा राजनीतिक चेतना नै प्रबल छ भन्ने पुष्टि गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची

अल्थुसर, लुइस (२०७२). विचारधारा र राज्यका विचारधाराका अङ्गहरू. अनु. हेमलाल पाण्डे. *मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधिमूलक विचारहरू.* (सम्पा. कृष्णचन्द्र शर्मा). काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २६१-२८४ ।

खगेन्द्र, सङ्ग्रौला (२०६४). *सम्झनाका कुइनेटाहरू*. काठमाडौँ : फाइन प्रिन्ट ।

घिमिरे, दुर्गा (२०६७). *जेलको सम्झना*. दोस्रो संस्करण. रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

ढकाल, नारायण (२०६५). *शोकमग्न यात्री*. काठमाडौँ : फाइन प्रिन्ट ।

त्रिपाठी, सुधा (२०६५). *अमर सिर्जना*. ललितपुर : साझा प्रकाशन ।

नयाँघरे, युवराज (२०६५). *एक हातको ताली*. काठमाडौँ : साझा प्रकाशन ।

पोखेल, माधव (२०६२). *गार्गीको गाँठो* ललितपुर : साझा प्रकाशन ।

पौडेल, राधा (सन् २०१४). *खलङ्गामा हमला*. दोस्रो संस्करण. काठमाडौँ : नेपालय ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५५). *पाइलाः आगतमा टेकेर*. दोस्रो संस्करण. ललितपुर : साझा प्रकाशन ।

मञ्जुल (२०४४). *सम्झनाका पाइलाहरू*. काठमाडौँ : आनन्द ।

राई, तारा (२०६७). *छापामार युवतीको डायरी*. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

रिसाल, राममणि (२०५९). *अन्यथा*. ललितपुर : साझा प्रकाशन ।

वर्तमान, गोविन्द (२०६१). *सोह्र साँझहरू*. काठमाडौँ : द प्रिन्टहाउस ।

विभास, नवीन (२०७४). *रात पनि ऐठन परेको रातमा*. काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

शर्मा, दीनानाथ (२०७०). *अक्षरको खेती*. काठमाडौँ : शमी सम प्रकाशन गृह ।

शर्मा, शारदा (२०६८). *भुइँफूलको देशमा*. काठमाडौँ : सङ्ग्रिला बुक्स ।

सुवेदी, राजेन्द्र (२०६५). *म हुँ औँला नकाटिएको एकलव्य*. काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुवेदी, राजेन्द्र (२०६८). उत्तरवर्ती नेपाली निबन्धका प्रवृत्ति. *रत्न बृहत् नेपाली समालोचना* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ४२९-४५१ ।

Atkins, G. D. (2005). *Tracing the essays: Through Experience to Truth*. London: The University of Georgia Press.

Bauerlein, M. (1997). *Literary Criticism, an Autopsy*. Philadelphia: University of Pennsylvania Press.

Bertens, J.W. (2001). *Lierary Theory: The Basics*. London: Routledge.

Gramsci, A. (1992). *Selections from the Prison Notebooks*. New York : International Publishers.